# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम सात महिनाको तथ्याङ्कमा आधारित)*


**नेपाल राष्ट्र बैंक**

**चैत्र २०६१**

www.nrb.org.np

## मुख्य बुँदाहरु

- मुद्रा प्रदाय (संकुचित र विस्तृत) मा विस्तार भएको छ ।
- बैकिङ्ग क्षेत्रबाट श्री ५ को सरकारतर्फ गएको कर्जाको घट्ने क्रम जारी छ ।
- आवधिक निक्षेपको बढ्ने दरमा कमी आएको छ ।
- अल्पकालीन ब्यजदरमा बढोत्तरी हुन थालेको छ ।
- धितोपत्र बजारको कारोवार तथा नेप्से परिसूचकाङ्क बढेको छ ।
- मूल्य सूचकाङ्क, विन्दुगत आधारमा, वृद्धि भएको छ ।
- नगद प्रवाहमा आधारित सरकारी खर्च बढेको छ ।
- कुल सरकारी खर्चको तुलनामा गैर-ऋण साधनको वृद्धिदर उच्च भएको परिणामस्वरुप सरकारी बजेट बचतमा रहेको छ ।
- आयातमा ह्रास आएकोले व्यापार घाटा घटेको छ ।
- शोधनान्तर स्थिति बचतमा रहेको छ ।
- २०६१ माघ मसान्तमा कुल विदेशी विनिमय संचिति रु. १ खर्ब २८ अर्ब ६२ करोड पुगेको छ । यो संचिति १२.३ महिनाको वस्तु आयात र १०.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।

# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम सात महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

१. **मौद्रिक योगाङ्कहरुको स्थिति :** आ.व. २०६१/६२ को प्रथम सात महिनामा विस्तृत मुद्रा प्रदाय ५.१ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ९१ अर्ब ४२ करोड पुगेको छ। गत वर्ष विस्तृत मुद्रा प्रदाय ६.८ प्रतिशले बढेको थियो। गत वर्ष २.८ प्रतिशतले बढेको संकुचित मुद्रा प्रदाय यस वर्ष ४.० प्रतिशतले बढ्न गई रु. ९७ अर्ब ७२ करोड पुगेको छ। खूद आन्तरिक सम्पत्तिमा वृद्धिका कारण अघिल्लो वर्षको तुलनामा यस वर्ष मौद्रिक योगांङ्कहरुमा वृद्धि हुन गएको हो। यस वर्ष आवधिक निक्षेप ५.७ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ९३ अर्ब ७० करोड पुगेको छ। गत वर्षको सोही अवधिमा सो निक्षेप ८.९ प्रतिशतले बढेको थियो। तेश्रो मौद्रिक योगाङ्कको रुपमा रहेको विस्तृत मौद्रिक तरलता ($M_2$ जोड विदेशी मुद्रा निक्षेप) गत वर्ष ७.० प्रतिशतले बढेकोमा यस वर्ष ४.७ प्रतिशतले मात्र बढ्न गई रु. ३ खर्ब १२ अर्ब ६० करोड पुगेको छ।

२. **मौद्रिक योगाङ्कहरुलाई प्रभाव पार्ने कारक तत्वहरु :**

(क) खूद वैदेशिक सम्पत्ति : मौद्रिक योगाङ्कमा विस्तारकारी भुमिका खेल्ने खूद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मुल्यांकन समायोजन समेत) यस वर्ष २.७ प्रतिशतले बढ्न गई रु. १ खर्ब ६ अर्ब ८७ करोड पुगेको छ। गत वर्ष खूद वैदेशिक सम्पत्ति ११.८ प्रतिशतले बढेको थियो। गत वर्ष विश्व बैंकको गरीबी रणनीति कर्ज  कार्यक्रम अन्तर्गत रु. ५.५ अर्ब ऋण सहयोग प्राप्त भएको र यो वर्ष सेवा आय, विप्रेषण तथा अनुदानबाट हुने आयमा कमी आएकाले खूद वैदेशिक सम्पत्ति अघिल्लो वर्षको तुलनामा न्यून रहन गएको हो।

(ख) श्री ५ को सरकारलाई गएको कर्जा : श्री ५ को सरकारको नेपाल राष्ट्र बैंकमा नगद मौज्दात बढ्न गएकोले मौद्रिक क्षेत्रको श्री ५ को सरकारमाथिको खूद दावी यस वर्ष ५.९ प्रतिशतले घटी रु. ५८ अर्ब ६१ करोडमा झरेको छ। गत वर्ष सो दावी १३.० प्रतिशतले घटेको थियो।

(ग) सरकारी संस्थानहरुलाई गएको कर्जा : यस वर्ष मौद्रिक क्षेत्रको गैह्र वित्तीय संस्थानहरुमाथिको दावी २१.० प्रतिशतले बढ्न गई रु. ३ अर्ब ५३ करोड पुगेको छ। वाणिज्य बैंकहरुद्वारा नेपाल आयल निगमलाई गएको कर्जामा वृद्धिको कारण उक्त दावीमा वृद्धि भएको हो। गत वर्ष सो दावी १२.८ प्रतिशतले घटेको  थियो। मौद्रिक क्षेत्रको वित्तीय संस्थानहरुमाथिको दावी गत वर्ष ८.९ प्रतिशतले बढेको तुलनामा यस वर्ष ४.९ प्रतिशतले घट्न गई रु. १२ अर्ब ६९ करोडमा झरेको छ। ग्रामीण विकास बैंकहरु तथा विकास बैंकहरुले नेपाल राष्ट्र बैंकबाट उपयोग गरेको केही पुनर्कर्जा चुक्ता गरेकोले मौद्रिक क्षेत्रको वित्तीय संस्थानहरुमाथिको दावी घट्न गएको हो।

(घ) निजी क्षेत्रमा प्रवाहित कर्जा : मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी गत वर्ष ८.० प्रतिशतले बढेकोमा यस वर्ष ८.७ प्रतिशतले बढ्न गई रु. १ खर्ब ८७ अर्ब ५७ करोड पुगेको छ। वाणिज्य बैंकहरुले उपभोग्य कर्जा विस्तार गरेको कारण निजी क्षेत्रमाथिको दावी यस वर्ष बढ्न गएको हो।

(ङ) फलस्वरुप, बैंकिङ क्षेत्रको कुल आन्तरिक कर्जा यस वर्ष ४.५ प्रतिशतले बढ्न गई रु.२ खर्ब ६२ अर्ब ३९ करोड पुगेको छ। गत वर्ष कुल आन्तरिक कर्जा २.० प्रतिशतले मात्र बढ्को थियो। कुल आन्तरिक कर्जामा श्री ५ को सरकारको अंश गत वर्ष २३.४ प्रतिशत रहेकोमा यस वर्ष २२.३ प्रतिशतमा झरेको छ।

(च) खूद अमौद्रिक दायित्व तथा खूद आन्तरिक सम्पत्तिः मुद्रा प्रदायमा संकुचनकारी भूमिका खेल्ने खूद अमौद्रिक दायित्व (विदेशी विनिमय मुल्यांकन समायोजन समेत) यस वर्ष ०.१ प्रतिशतले बढ्न गई रु. ७७ अर्ब ८५ करोड पूगेको  छ। गत वर्ष खूद अमौद्रिक दायित्व १.९ प्रतिशतले घटेको थियो। यस वर्ष खूद आन्तरिक सम्पत्ति (विदशी विनिमय मुल्यांकन समायोजन समेत) ६.६ प्रतिशतले बढ्न गई रु. १ खर्ब ८४ अर्ब ५५ करोड पुगेको छ। गत वर्ष खूद आन्तरिक सम्पत्ति ३.९ प्रतिशतले मात्र बढेको थियो। मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जामा वृद्धिका कारणले यस वर्ष खूद आन्तरिक सम्पत्ति बढी दरले विस्तार भएको हो।

३. **मुद्रा गुणकः** गत वर्ष संकूचित मुद्रा गुणक ( $M_1$) १.०७२ रहेकोमा यस वर्ष १.११७ रहेको छ। त्यसै गरि विस्तृत मुद्रा गुणक ($M_2$) गत वर्ष रु. ३.२७० रहेकोमा यस वर्ष ३.३३७ रहेको छ। अनिवार्य  नगद अनुपात घटाइएको र वाणिज्य

बैंकहरुले पनि वगतमा कायम गर्दै आएको अधिक तरलता अनुपातमा कमी ल्याएका कारण यस वर्ष दुबै मौद्रिक गुणकमा वृद्धि भएको हो ।

४. **मौद्रिक उपायहरुको कार्यान्वयन स्थिति :** नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०६१/६२ को प्रथम ७ महिनामा खुल्ला बजार बिक्री बोलकबोल मार्फत रु. १० अर्ब ५० करोड तरलता प्रशोचन भयो भने सोही अवधिमा रु. १ अर्ब १३ करोड खरीद बोलकबोल गरि तरलता प्रवाह गरियो । नेपाल राष्ट्र बैंकले रिपो बोलकबोल मार्फत रु. ५ अर्ब ४६ करोड तरलता प्रवाह गऱ्यो । साथै, रिभर्स रिपो बोलकबोल मार्फत रु. ४ अर्ब ७ करोड तरलता प्रशोचन गऱ्यो । स्थायी तरलता सुविधा मार्फत वाणिज्य बैंकहरुलाई रु. २८ अर्ब ७६ करोड प्रदान गरियो । यसरी दोश्रो बजार मार्फत रु. ३५ अर्ब ३५ करोड तरलता प्रवाह गरियो र रु. १४ अर्ब ५७ करोड तरलता प्रशोचन भयो । फलस्वरुप, खूद तरलता रु. २० अर्ब ७८ करोड रह्यो । त्यसै गरि नेपाल राष्ट्र बैंकले विदेशी मुद्रा बजारमा हस्तक्षेप गरि यस अवधिमा रु. २ अर्ब ८४ करोड बराबरको अमेरिकी डलर बिक्री गऱ्यो भने सोही अवधिमा रु. २० अर्ब ८९ करोड बराबरको अमेरिकी डलर खरिद गरी खूद रु. १८ अर्ब ५ करोडको तरलता प्रवाह भयो । तर वाणिज्य बैंकहरुको अधिक तरलतामा कमी आएको हुनाले २०६१ श्रावणमा ०.६२ प्रतिशत रहेको ९१ दिने भारित औसत ट्रेजरी बिल्सदर २०६१ माघ महिनामा २.९४ प्रतिशतमा उक्लेको छ ।

## शेयर बजार गतिविधि


५. २०६१ माघ महिनामा २०६० माघ महिनाको तुलनामा संख्यात्मक तथा रकमगत शेयर कारोवारमा ठूलो वृद्धि भएको छ । साथै, शेयर बजारका अन्य परिसूचकहरुमध्ये शेयर मूल्य, सूचीकृत भएका कम्पनीहरुको संख्या र बजार पूँजीकरणमा पनि वृद्धि भएको छ । बाणिज्य बैंक र वित्त कम्पनीहरुको दोस्रो बजार कारोवार उल्लेखनीय रुपमा बढेको छ । त्यसैगरी होटल समूहका कम्पनीहरुको संख्यात्मक तथा रकमगत शेयरको कारोबार अत्यधिक बढेको छ । सूचीकृत कम्पनीहरुको संख्यामा वृद्धि भए अनुरुप २०६१ माघ महिनामा २०६० माघ महिनाको तुलनामा चुक्ता पूँजी २०.० प्रतिशतले वृद्धि भई रु. १५ अर्ब ४४ करोड पुगेको छ । बैंक, वित्त कम्पनी तथा बिकास बैंकहरुले नयाँ शेयर सूचीकृत गरेकाले चुक्ता पूँजीमा वृद्धि भएको हो । २०६१ माघ महिनामा २०६० माघ महिनाको तुलनामा सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण ३६.० प्रतिशतले वृद्धि भई रु. ५३ अर्ब १८ करोड पुगेको छ । २०६० माघ मसान्तमा कारोवार बन्द हुँदा २११.३१ रहेको नेप्से परिसूचक २०६१ माघ मसान्तमा ४५.९८ विन्दु (२१.८ प्रतिशत) ले वृद्धि भई २५७.२९ पुगेको छ । नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत कम्पनीहरुको संख्या २०६० माघ महिनामा १११ रहेकोमा २०६१ माघ महिनामा त्यस्ता कम्पनीहरुको संख्या १२३ पुगेको छ । २०६० माघ महिनामा ६८ वटा कम्पनीहरुको शेयर कारोवार भएकोमा २०६१ माघ महिनामा कारोवार भएका कम्पनीहरुको संख्या ८३ पुगेको छ ।

६. २०६१ माघ महिनामा रु. १४ करोड ५७ लाख मूल्यका ६ लाख ७२ हजार कित्ता शेयर ७८०२ कारोवार मार्फत खरीदबिक्री भएका छन् । २०६० माघ महिनामा रु. ६ करोड ७८ लाख मूल्यका २ लाख ८४ हजार कित्ता शेयर ७४८५ कारोवार मार्फत खरीदबिक्री भएका थिए । २०६१ माघ महिनामा २०६० माघ महिनाको तुलनामा संख्यात्मक शेयर कारोवारमा २.४ गुणाले र रकमगत कारोवारमा २.२ गुणाले वृद्धि भएको छ ।

चार्ट: २

नेप्से परिसूचकाङ्क

(माघ मसान्तको)




७. २०६१ माघ महिनामा कुल कारोवार रकममा वाणिज्य बैंक समूहको ७०.३ प्रतिशत, वित्त कम्पनीहरुको २४.० प्रतिशत, वीमा कम्पनीहरुको २.० प्रतिशत, विकास बैंक समूहको ०.७ प्रतिशत, होटेल समूहको ०.५ प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरुको ०.१ प्रतिशत, अन्य समूहको २.४ प्रतिशत योगदान रहेको छ भने व्यापारिक समूहको योगदान

नगण्य रहेको छ । २०६० माघमा वाणिज्य बैंक समूहको ५७.९ प्रतिशत, वित्त कम्पनीहरुको ३१.४ प्रतिशत, वीमा कम्पनीहरुको ५.३ प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरुको ३.३ प्रतिशत, विकास बैंक समूहको ०.९ प्रतिशत, होटल समूह ०.३ प्रतिशत, र अन्य समूहको ०.९ प्रतिशत योगदान रहेको थियो भने व्यापारिक समूहको योगदान नगन्य रहेको थियो ।

## मूल्य स्थिति

८. विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६१ माघमा ५.६ प्रतिशतले बढ्न गएको छ । २०६० माघमा यस्तो वृद्धिदर ४.७ प्रतिशत रहेको थियो । मरमसला, तरकारी तथा फलफूल, तेल तथा घ्यू र दूध तथा दुग्ध पदार्थको मूल्यमा ह्रास आएको भए तापनि चिनी तथा चिनीजन्य पदार्थ, घरायसी सामान तथा सेवा (पेट्रोलियम पदार्थ र घरभाडाको मूल्यमा वृद्धि भएको कारण), यातायात तथा संचार र माछा, मासु तथा फुलको मूल्यमा उच्च वृद्धिका कारण गत वर्षको तुलनामा समीक्षा अवधिमा मूल्य सूचकाङ्कको वृद्धिदर बढी रहन गएको हो । २०६० माघमा १५२.७ रहेको समग्र मूल्य सूचकाङ्क २०६१ माघमा १६१.३ पुगेको छ । गत आर्थिक वर्षको प्रथम छ महिनाको औसत मूल्य वृद्धिदर ५.२ प्रतिशत रहेकोमा यस वर्ष यस्तो वृद्धिदर ३.४ प्रतिशत मात्र रहेको छ ।

९. खाद्य तथा पेय पदार्थको मूल्य गत वर्ष ४.० प्रतिशतले बढेकोमा यस वर्ष ४.१ प्रतिशतले बढेको छ । यस समूह अन्तर्गतका उप-समूहहरुमध्ये चिनी तथा चिनीजन्य पदार्थ (३९.१ प्रतिशत), माछा, मासु तथा फुल (९.८ प्रतिशत), रेष्टुराँको खाना (६.१ प्रतिशत), दलहन (५.२ प्रतिशत), अन्न तथा अन्नबाट बनेका परिकारहरु (४.७ प्रतिशत) तथा पेय पदार्थ (३.१ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने मरमसला (३.९ प्रतिशत), तरकारी तथा फलफूल (२.७ प्रतिशत), तेल तथा घ्यू (१.४ प्रतिशत) र दूध तथा दुग्ध पदार्थ (०.३ प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।

१०. यस वर्ष गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ७.२ प्रतिशतले बढ्न गएको छ । गत बर्ष यस्तो मूल्य सूचकाङ्क ५.७ प्रतिशतले बढेको थियो । यस समूह अन्तर्गतका उप-समूहहरुमा घरायसी सामान तथा सेवाहरु (१४.२ प्रतिशत), यातायात तथा संचार (१२.४ प्रतिशत), शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन (४.५ प्रतिशत), सूर्ती तथा सूर्तीजन्य पदार्थ (२.७ प्रतिशत), लत्ता कपडा तथा तयारी लुगा (२.६ प्रतिशत), जुत्ता (१.३ प्रतिशत) र औषधी तथा व्यक्तिगत हेरचाह (१.० प्रतिशत) सबैको मूल्यमा वृद्धि भएको छ ।

११. क्षेत्रगत आधारमा वार्षिक विन्दुगत रुपमा काठमाडौं उपत्यका, पहाड र तराईमा क्रमशः ६.३ प्रतिशत, ५.९ प्रतिशत र ५.१ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धिदर क्रमशः ६.८ प्रतिशत, ३.८ प्रतिशत र ३.९ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, पहाड र तराईमा क्रमशः ५.६ प्रतिशत, ४.१ प्रतिशत र ३.१ प्रतिशतले बृद्धि भएको छ । त्यस्तै गरी, गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, पहाड र तराईमा क्रमशः ६.९ प्रतिशत, ७.९ प्रतिशत र ७.१ प्रतिशतले वृद्धि भएको छ ।

१२. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६१ माघ महिनामा ७.२ प्रतिशतले बृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ५.२ प्रतिशत रहेको थियो । फलफूल तथा तरकारी, मरमसला, दलहन र स्वदेशमा उत्पादित अन्य उप-समूहका बस्तुहरुको मूल्यमा ह्रास आएतापनि पेट्रोलियम पदार्थ र कोइला, रसायनिक मल तथा रसायनिक वस्तु र खाद्यान्नमा बढी दरले मूल्य वृद्धि भएका कारण गत वर्षको तुलनामा यस वर्षको मूल्य सूचकाङ्क बढी दरले वृद्धि हुन गएको छ । समूहगत रुपमा आयातीत वस्तुहरु, स्वदेशमा उत्पादित वस्तुहरु र कृषि सम्बन्धी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १३.७ प्रतिशत, ५.६ प्रतिशत र ३.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको प्रथम सात महिनाको औसत मूल्य वृद्धिदर ४.५ प्रतिशत रहेकोमा यस वर्ष यस्तो मूल्य वृद्धिदर ६.० प्रतिशत रहन गएको छ ।

## सरकारी वित्त स्थिति

१३. श्री ५ को सरकारको कुल खर्चलाई साधारण र विकास खर्चमा वर्गीकरण गर्ने गरिएकोमा यसमा आर्थिक वर्ष २०६१/६२ देखि परिवर्तन गरी चालु खर्च, पूंजीगत खर्च र सांवा भूक्तानी गरी तीन भागमा बर्गीकरण गरिएको छ । यी शीर्षकहरु र विगत आर्थिक वर्षहरुमा भएको साधारण र विकास खर्च शीर्षकहरुमा भएको खर्चको तुलनात्मक बिश्लेषण गर्न सान्दर्भिक हुने नदेखिएकोले आर्थिक वर्ष २०६१/६२ को प्रथम सात महिनाको तथ्यांक मात्र प्रस्तुत गरिएको छ । नगद प्रवाहमा आधारित तथ्यांक अनुसार श्री ५ को सरकारको कुल खर्च गत वर्ष ५.९ प्रतिशतले बढेकोमा यस वर्ष ६.६ प्रतिशतले बढेर रु. ३९ अर्ब ४६ करोड पुगेको छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. २८ अर्ब ५९ करोड (७२.४ प्रतिशत),

पूंजीगत खर्चतर्फ रु. ४ अर्ब २९ करोड, (१०.९ प्रतिशत), सांवा भुक्तानीतर्फ रु. ५ अर्ब १९ करोड (१३.२ प्रतिशत) र फ्रिजतर्फ रु. १ अर्ब ३९ करोड (३.५ प्रतिशत) रहेको छ ।


१४. गत वर्ष १०.६ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजस्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष १६.९ प्रतिशतले वृद्धि भई रु. ३९ अर्ब ८३ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोत (८७.४ प्रतिशत) को रुपमा रहेको राजस्व गत वर्ष १२.६ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १३.१ प्रतिशतले वृद्धि भई रु. ३४ अर्ब ८२ करोड पुगेको छ । बाह्य अनुदान गत वर्ष २ अर्ब १६ करोड प्राप्त भएकोमा यस बर्ष रु. ३ अर्ब ८९ करोड प्राप्त भएको छ ।

१५. कुल सरकारी खर्चको तुलनामा साधन परिचालनको वृद्धिदर उच्च रहेकोले २०६१ माघ मसान्तसम्ममा रु.३६ करोडको बजेट बचत भएको छ । गत वर्ष यस अवधिमा रु. २ अर्ब ९३ करोड बजेट घाटा भएको थियो । यस वर्ष वैदेशिक नगद ऋण रु. १ अर्ब १७ करोड तथा आन्तरिक ऋण रु.२ अर्ब २० करोड गरी कुल रु. ३ अर्ब ३७ करोड परिचालन भएको छ । फलस्वरुप, श्री ५ को सरकारको खातामा यस महिनाको अन्त्यसम्ममा सरकारी कारोबारबाट रु. ३ अर्ब ७५ करोड बचत रहेको छ । श्री ५ को सरकारको खातामा गत बर्ष यसै अवधिमा रु. ४ अर्ब १४ करोड बचत रहेको थियो ।

चार्ट नं.: ३

**कुल सरकारी खर्च, साधन तथा बजेट सन्तुलन**

(प्रथम सात महिना)





१६.२०६१ आषाढमा श्री ५ को सरकारको खातामा रु. ७५ करोड बचत रहेकोमा यस अवधिमा कुल खर्चको तुलनामा कुल गैर-ऋण साधन उच्च दरले बढेको फलस्वरुप उक्त रकममा वृद्धि भई २०६१ माघ मसान्तमा थप रु. ४ अर्ब ५० करोडको बचत भएको छ । फलस्वरुप, श्री ५ को सरकारको तिर्न बाँकी खुद आन्तरिक ऋण २०६१ आषाढको रु. ८५ अर्ब ३८ करोडबाट २०६१ माघ मसान्तमा रु. ८१ अर्ब ९६ करोडमा झरेको छ ।

## वैदेशिक ब्यापार


१७.आर्थिक वर्ष २०६१/६२ को प्रथम सात महिनासम्ममा कुल निर्यात २.७ प्रतिशतले वृद्धि भई रु. ३२ अर्ब २४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा कुल निर्यात १०.५ प्रतिशतले वृद्धि भएको थियो । गत वर्ष १५.२ प्रतिशतले वृद्धि भएको भारततर्फको निर्यात यस वर्ष २१.७ प्रतिशतले वृद्धि भई रु. २१ अर्ब ५० करोड पुगेको छ । अन्य मुलुकतर्फको निर्यात भने गत वर्ष ५.१ प्रतिशतले बढेकोमा यस वर्ष २१.८ प्रतिशतले घटी रु. १० अर्ब ७४ करोडमा सीमित रहेको छ । यस वर्ष भारततर्फ निर्यातीत प्रमुख वस्तुहरुमध्ये दाल, अलैची, वनस्पति घ्यू, चिया, धागो, जुटका सामान, आल्मुनियम सेक्सन, तामाको तार तथा डण्डी, रसायन, गाइवस्तुको दाना, जुत्ता चप्पल, कपडा, खोटो, खयर आदिको निर्यातमा वृद्धि भएको छ भने दन्तमन्जन, अदुवा, ढुटोको तेल, जि.आई. पाइप, एम.एस. पाइप, जस्ता पाता, तयारी पोशाक जस्ता वस्तुहरुको निर्यात घटेको छ । यसैगरी अन्य मुलुकतर्फ ऊनी गलैंचा, प्रशोधित छाला र अलैंचीको निर्यात बढे तापनि तयारी पोशाक, दाल, चिया, पश्मिना र गर-गहना निर्यात घटेको छ ।

१८. गत वर्ष ९.२ प्रतिशतले वृद्धि भएको कुल आयात यस वर्ष ३.० प्रतिशतले घटी रु. ७२ अर्ब ९० करोडमा सीमित भएको छ । गत वर्ष ११.१ प्रतिशतले बढेको भारतबाट भएको आयात यस वर्ष ९.६ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुकबाट भएको आयात भने गत वर्ष ६.९ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १९.२ प्रतिशतले घटेको छ । यस वर्ष भारतबाट

मुख्यतया दाल, धागो, रसायन, यातायातका साधन तथा पूर्जाहरु, पेट्रोलियम पदार्थ, औषधि, कोल्ड रोल्ड सिट, प्लाष्टिक दाना आदि वस्तुहरुको आयात बढेको छ भने गहुँ, चामल, हट रोल्ड सिट, एम एस विलेट, सिमेन्ट आदि वस्तुहरुको आयात घटेको छ । यसैगरी अन्य मुलुकहरुबाट खाद्य तेल, दूरसंचारका उपकरण तथा पूर्जाहरु, यातायातका साधन तथा पूर्जाहरु, अन्य यन्त्र तथा पूर्जाहरु, स्टीलको तार, कच्चा नरिवल तेल आदि वस्तुहरुको आयात बढेको छ भने धागो, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, रासायनिक मल, प्लाष्टिक दाना, हवाईजहाजका पार्टपूर्जा, विद्युतीय सामान, कपडा आदिको आयातमा ह्रास आएको छ ।




१९.यस वर्ष कुल निर्यातको वृद्धिदर तुलनात्मक रुपमा बढी भएको तथा कुल आयातमा ह्रास आएको कारण कुल व्यापार घाटा ७.१ प्रतिशतले घटी रु. ४० अर्ब ६६ करोडमा सीमित रहेको छ । गत वर्ष व्यापार घाटा ८.३ प्रतिशतले वृद्धि भएको थियो । कुल व्यापार गत वर्ष ९.६ प्रतिशतले वृद्धि भएको तुलनामा यस वर्ष १.३ प्रतिशतले घटेको छ । भारततर्फको निर्यात तथा आयात बढेको तर अन्य मुलुकतर्फको निर्यात तथा आयात दुबैमा ह्रास आएको कारण कुल व्यापारमा भारतको अंश गत वर्षको ५६.२ प्रतिशतबाट वृद्धि भई यस वर्ष ६४.५ प्रतिशत पुगेको छ भने अन्य मुलुकतर्फको अंश सोही अनुसार ४३.८ प्रतिशतबाट ३५.५ प्रतिशतमा झरेको छ ।




२०.नेपालको कुल निर्यात/आयात अनुपात गत वर्ष ४१.८ प्रतिशत रहेकोमा यस वर्ष ४४.२ प्रतिशत पुगेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत वर्ष ४१.९ प्रतिशत रहेकोमा यस वर्ष ४६.५ प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको अनुपात गत वर्षको ४१.६ प्रतिशत बाट यस वर्ष ४०.३ प्रतिशत पुगेको छ ।

## शोधनान्तर स्थिति

२१.शोधनान्तरको प्रथम छ महिनाको तथ्याङ्क अनुसार यस वर्ष, गत वर्षको सोही अवधिको तुलनामा निर्यात बढेको तथा आयात न्यून दरले बढेको कारण व्यापार घाटा २.२ प्रतिशतले घटी रु. ३४ अर्ब २४ करोडमा झरेको छ । गत वर्षको सोही अवधिमा व्यापार घाटा ९.५ प्रतिशतले बढेको थियो । यस वर्ष सेवातर्फ अन्यत्र नपरेको सरकारी आय २२.५ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब २२ करोड पुगेको छ भने पर्यटन आय १७.० प्रतिशतले घटी रु. ५ अर्ब ९८ करोड र अन्य सेवा आय ५.६ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ९४ करोड पुगेको छ। फलस्वरुप गत वर्ष १५.५ प्रतिशतले बढेको कुल सेवा आय यस वर्ष ३.१ प्रतिशतले घट्न गई रु. १३ अर्ब १४ करोडमा सीमित रहेको छ । सेवा क्षेत्रको भुक्तानीतर्फ पर्यटन, यातायात र अन्य खर्च क्रमश: ४३.३ प्रतिशत, ४.२ प्रतिशत र २३.७ प्रतिशतले बढेका कारण कुल सेवा भुक्तानी २१.१ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ९१ करोड पुगेको छ ।

२२.यस वर्षको छ महिनामा आय शीर्षकतर्फको प्राप्ति (Income Credit) ५५.४ प्रतिशतले वृद्धि भई रु. २ अर्ब २२ करोड पुगेको छ । त्यस्तै, उक्त शीर्षकतर्फको भुक्तानी ८.० प्रतिशतले बृद्धि भई रु. २ अर्ब ९२ करोड पुगेको छ । फलस्वरुप वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा ३.५ प्रतिशतले बढी रु. ३३ अर्ब ७२ करोड पुगेको छ। यस्तो घाटा गत वर्ष ९.६ प्रतिशतले वृद्धि भएको थियो ।

२३.ट्रान्सफर आयतर्फ गत वर्ष ५२.६ प्रतिशतको उच्च दरले वृद्धि भएको अनुदान यस वर्ष ९.९ प्रतिशतले घटी रु. ९ अर्ब ४४ करोडमा झरेको छ । यस वर्ष निवृत्तिभरण (Pension) आय शतप्रतिशतको उत्साहजनक दरले वृद्धि भई रु. ५ अर्ब ८२ करोड पुगेको छ भने अन्य शीर्षकमा रहेको भारतीय अन्तःशुल्क फिर्ता रकम १७.८ प्रतिशतले बढी रु. १ अर्ब ३ करोड पुगेको छ। ट्रान्सफर भुक्तानी २६.३ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ६४ करोड पुगेको छ। गत वर्ष यस्तो भुक्तानी १९.३ प्रतिशतले घटेको थियो ।

२४. यस वर्ष चालु खातामा रु. १० अर्ब ८३ करोडको बचत भएको छ। गत वर्षको सोही अवधिमा चालु खातामा रु. ११ अर्ब ४४ करोड बचत भएको थियो । पूँजीगत ट्रान्सफर यस वर्ष रु. ६७ करोड प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. ९७ करोड प्राप्त भएको थियो ।

२५.वित्तीय खाता (Financial Account) तर्फ अन्य लगानी सम्पत्ति (Other Investment Assets) गत वर्ष रु. २१ अर्ब ९ करोड थप भएकोमा यस वर्ष रु. १३ अर्ब ४२ करोड थप भएको छ, जसमध्ये व्यापारिक ऋण रु. ८९ करोडले बढेको छ। अन्य लगानी दायित्व (Other Investment Liabilities) गत वर्ष रु. ११ अर्ब १९ करोडले बढेकोमा यस वर्ष रु. २ अर्ब २५ करोडले घटेको छ । यसमध्ये व्यापारिक ऋण (Trade Credit) रु. ४३ करोडले घटेको छ । यस वर्ष रु.१ अर्ब ४४ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको र साँवा भुक्तानी रु. ३ अर्व १६ करोड रहेको छ। फलस्वरुप, खूद सरकारी ऋण आप्रवाह रु. १ अर्ब ७२ करोडले ऋणात्मक रहेको छ । यस वर्ष विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. २ करोडले घटेको छ । सोही अनुरुप वित्तीय खाता रु. १५ अर्ब ७० करोडले ऋणात्मक रहन गएको छ । चालु खातामा बचत तथा विविध पूँजी समेत बढेको कारण यस वर्षको प्रथम छ महिनामा रु. ५ अर्ब ६४ करोडको शोधनान्तर बचत भएको छ। गत वर्षको यसै अवधिमा रु. ८ अर्ब ६० करोडको शोधनान्तर बचत भएको थियो । मौद्रिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६०/६१ को प्रथम सात महिनामा रु. १० अर्ब ७६ करोड शोधनान्तर बचत रहेकोमा यस वर्षको सोही अवधिमा रु. २ अर्ब ९२ करोडको शोधनान्तर बचत भएको छ ।


## विदेशी विनिमय संचिति

२६.कुल विदेशी विनिमय संचिति २०६० माघ मसान्तमा १२.३ प्रतिशतले वृद्धि भएको तुलनामा २०६१ माघ मसान्तमा ५.० प्रतिशतले वृद्धि भई रु. १ खर्ब २८ अर्ब ६२ करोड पुगेको छ । २०६० माघको तुलनामा २०६१ माघमा परिवर्त्य बिदेशी विनिमय संचिति ११.२ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुक तर्फको आयात घटेको तथा बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण आर्थिक वर्ष २०६१/६२ को प्रथम सात महिनामा परिवर्त्य संचिति बढेको हो । यस अवधिमा भारतबाट आउने बिप्रेषण तथा खुद सेवा आय घटेकोले अपरिवर्त्य संचिति ५५.६ प्रतिशतले घटेको छ । गत वर्ष परिवर्त्य संचिति २७.७ प्रतिशतले बढेको थियो भने अपरिवर्त्य संचिति ४८.६ प्रतिशतले घटेको थियो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश ९६.१ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ३.९ प्रतिशत रहेको छ । गत वर्ष यो अंश क्रमशः ९०.८ प्रतिशत र ९.२ प्रतिशत रहेको थियो । यस वर्षको प्रथम सात महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले १२.३ महिनाको वस्तु आयात र १०.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।

चार्ट नं. : ६

**शोधनान्तर स्थिति तथा बिदेशी बिनिमय संचिति**

(प्रथम सात महिना, )




*****